कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, झापा

भद्रपुर, नेपाल

प.सं. ०८२।८३ (योजना शाखा)  मितिः- २०८३।०२।०७

च.नं.  (ने.सं. ११४६ अनालाथ्व, बिहिबार)

## डिभिजन वन कार्यालय, झापाको नमुना वृक्षारोपण कार्यक्रम संचालनको लागि प्रस्ताव/निवेदन आव्हान सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३।०२।०७ गते)**

यस कार्यालयको आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार यस झापा जिल्ला अन्तर्गतका वन क्षेत्रको विकास र विस्तार तथा चुरे क्षेत्रको संरक्षण एवं स्थानीय समुदायको मागलाई समेत सम्बोधन गर्ने उद्देश्यले "नमुना वृक्षारोपण कार्यक्रम (BN:८३-९७)" कार्यान्वयन गरिने भएकाले इच्छुक व्यक्ति/ निजि वन धनि/ वन समूहहरु/ कृषक/ कृषक समूह/ सहकारी/ वन उद्यमी/ जडीबुटी उद्यमीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समय भित्र तपसिलका शर्त र तोकिएको ढाँचा अनुसारको प्रस्ताव/निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ ।म्याद भित्र पेश हुन आएका प्रस्ताव/निवेदनहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव/निवेदन मूल्याङ्कनका आधारमा छनौट भएको प्रस्तावक/निवेदकसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सबैमा अनुरोध गरिन्छ ।

**तपसिल शर्त**

१) डिभिजन वन कार्यालय, झापाबाट तोकिएको ढाँचाको प्रस्ताव/निवेदन पत्र।

२) नेपाल सरकारको स्वामित्व वा निजी स्वामित्वमा रहेको कम्तिमा ०.५ हेक्टरदेखि बढीमा १०० हेक्टरसम्मको विना विवादको क्षेत्र हुनुपर्ने।

३) निजीको हकमा नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, चालु आ.ब.मा तिरो तिरेको रसिद,

४) संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र/नविकरण प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, कार्य समिति/बोर्डको निर्णय,

५) सा.व.उ.स.को हकमा समूह/समितिको निर्णय प्रतिलिपि, स्थायी लेखा नम्वर, समूहको बार्षिक प्रतिवेदन, आ.व.०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन,

६) लागत साझेदारी प्रतिबद्धता पत्र।

७) समान प्रकृतिको अनुदान नलिएको स्व- घोषणा पत्र।

८) सम्बन्धित स्थानीय तहको सिफारिस।

९) सम्बन्धित सब- डिभिजन वन कार्यालयको सिफारिस।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय, झापा
भद्रपुर, नेपाल

प.सं. ०८२।८३ (योजना शाखा) मिति:- २०८३।०२।०७

च.नं. (ने.सं. ११४६ अनालाथ्व, बिहिबार)

१०) निजी जग्गाको हकमा सहमति तथा स्वीकारोक्तिसहित सम्झौता गरिनेछ।

११) आवश्यकता अनुसार निजी जग्गामा कृषि वन प्रणाली (Agroforestry) अपनाउन सकिनेछ।

१२) बहुमूल्य तथा लोपोन्मुख काठ प्रजातिका गुणस्तरीय (बहुवर्षीय) बिरुवाहरू जस्तै टिक, सतिसाल, खयर, सिसौ, सिरिस, असना, कर्मा, खम्वारी, जामुन, कटहर लगायतका मिश्रित प्रजातिलाई प्राथमिकता दिई वृक्षारोपण गरिनेछ।

१३) रोपण पश्चात सरकारी जमिनको हकमा डिभिजन वन कार्यालय, सार्वजनिक जग्गाको हकमा स्थानीय तह र निजी जमिनको हकमा जग्गाधनी आफैले संरक्षण र व्यवस्थापन गर्ने पर्नेछ।

**प्रस्ताव पेश गर्ने अन्तिम मिति** : २०८३ साल जेठ १३ गते कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र)।

**नोटः**

लागत साझेदारी प्रतिबद्धता पत्र, समान प्रकृतिको अनुदान नलिएको स्व– घोषणा पत्र तथा प्रस्तावको ढाँचा डिभिजन वन कार्यालय, झापाको वेबसाइट dfojhapa.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**थप जानकारीका लागि :**

**मोबाइल नं. ९८५२६५५१९३ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।**

**इति संवत २०८३ साल जेठ महिना ७ गते रोज ५ शूभम् ।**